आज मिति २०८०।०८।०५ गते बिहान ८:०० बजे गाउँ कार्यपालिकाको नियमित बैठक रिब्दीकोट गा.पा.का अध्यक्ष श्री नारायण बहादुर कार्कीज्यूको अध्यक्षता र तपसिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो ।

## उपस्थिती

१. गा.पा. अध्यक्ष श्री नारायण बहादुर कार्की
२. गा.पा. उपाध्यक्ष श्री कान्ता अधिकारी
३. गा.पा. प्रवक्ता श्री प्रकाश रायमाझी
४. वडा अध्यक्षज्यूहरु चिरञ्जीवी पोखरेल
५. " अध्यक्ष वडा नं. २ श्री ओम ~~प्रकाश~~ प्रसाद पोखरेल
६. " " " ३ श्री नारायण बहादुर के.सी.
७. " " " ४ श्री सोम बहादुर कार्की
८. " " " ५ श्री मन बहादुर अस्लामी
९. " " " ७ श्री दान बहादुर कँवर
१०. " " " ८ श्री चुरा बहादुर घर्ती मगर
११. कार्यपालिका सदस्य श्री मिना राना
१२. " " श्री रञ्जना खनाल आचार्य
१३. " " श्री गोमा ~~राना~~ थापा
१४. " " श्री शर्मिला नेपाली
१५. " " श्री गीता कौशल
१६. " " श्री सुनिल बस्याल
१७. सूचना प्रविधि श्री मदन अर्याल
१८ आमन्त्रित श्री रघु लाल भट्टराई

**प्रस्तावहरु:**

१. भूकम्प पिडितलाई सहयोग गर्ने सम्बन्धमा।

२. कार्यविधि सम्बन्धमा।

३. विविध।

**निर्णयहरु:**

१. हालसालै गएको भूकम्पबाट जाजरकोट र रुकुम पश्चिम जिल्लामा भएको धनजनको क्षति प्रति दु:ख व्यक्त गर्दै विपद् पिडितहरुलाई उद्दार कार्यको लागि तपशिल बमोजिम सहयोग गर्ने निर्णय गरियो।

| | |
|---|---|
| (क) गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट ...................... | रु १ लाख |
| (ख) गाउँपालिका अध्यक्ष र उपाध्यक्षबाट रु ५ हजारको दरले ......... | रु १० हजार |
| (ग) वडाध्यक्षहरुबाट रु २ हजारका दरले.............................. | रु १६ हजार |
| (घ) कार्यपालिका सदस्यहरुबाट रु २ हजारका दरले ................ | रु १२ हजार |
| (ङ) वडासदस्यहरुबाट रु १ हजारका दरले ......................... | रु २८ हजार |
| जम्मा ............................................................................ | रु १ लाख ६६ हजार मात्र। |

२. महिला समूह तथा महिला सञ्जाल गठन सञ्चालन एवम व्यवस्थापन कार्यविधि, २०८० र खानेपानी मुल दर्ता सम्बन्धी कार्यविधि, २०८० पारित गरियो।

३. (क) रैनादेवी छहरा गाउँपालिकाको मुझुङ्गमा भएको प्रथम कालिका मुझुङ् महोत्सवलाई रु २५ हजार, राम्दी सांस्कृतिक महोत्सवलाई रु १० हजार र दिपावली, २०८० को अवसरमा गाउँपालिकाको प्राङ्गणमा प्रदर्शित देउसी भैलोलाई रु १० हजार आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

(ख) मिति २०८०।०८।१६ गते श्री प्रभात मा वि मैनादीको प्राङ्गणमा सञ्चालन हुने महोत्सवलाई भव्यतापूर्वक सम्पन्न गर्न आवश्यक समन्वय र आर्थिक सहयोग गर्ने निर्णय गरियो।

(ग) वडास्तरीय मेलमिलाप केन्द्र गठन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

(घ) वडा शिक्षा समितिहरु गठन गर्ने निर्णय गरियो।

(ङ) मिति २०८० मंसिर ९ गते वडा नं ८ को रिङसिङडाँडामा सञ्चालन हुने न्वागी तथा चङ्गा महोत्सव आवश्यक समन्वय गर्ने निर्णय गरियो।

(च) खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना तयारी सम्बन्धी TOR स्वीकृत गर्ने निर्णय गरियो।

(छ) कार्यालयको हलुका सवारी चालकलाई बिहान साँझ तथा बिदाको दिनमा समेत काम गर्नु पर्ने भएकोले निजलाई केही थप आर्थिक सुविधा उपलब्ध गराउने निर्णय गरियो।

(ज) हल सजावटको लागि रु.७,५०,०००/- लागत लाग्ने प्राविधिक स्टिमेट प्राप्त भएको र सो को लागि रु. ५,००,०००/- बजेट विनियोजन भएको हुँदा नपुग बजेट रु. २,५०,०००/- आगामी गाउँसभाबाट मर्मत सम्भार शीर्षकबाट रकमान्तर गर्ने गरी हाललाई हल सजावटको कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

(झ) गाउँपालिकाबाट संचालित ठुला योजनाहरुको गुणस्तरीयता कायम गर्न नियमित रुपमा सुपरीवेक्षण गर्नुपर्ने भएकोले कन्टिनजेन्सीबाट पारिश्रमिक उपलब्ध गराउने गरी आवश्यक संख्यामा सुपरभाईजर राख्ने निर्णय गरियो।

(ञ) रिब्दीकोट गाउँपालिका अन्तरगत वडा नं ३ र ४ मा अवस्थित चकल्दीमा औद्योगिक ग्राम निर्माणको लागि तयार भएको डि.पी.आर बमोजिम तपशिल बमोजिमका जग्गाहरु आवश्यक भएको र जग्गादाताहरुले नि:शुल्क रुपमा उपलब्ध गराउन मञ्जुर भएकाले उक्त जग्गा प्राप्त गर्नको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ५ बमोजिमको समितिमा सिफारिशको लागि पेश गर्ने निर्णय गरियो।

तपशिल:

| सि. नं | जग्गाधनीको नाम | ठेगाना | साविकको कित्ता नं | कुल जग्गाको क्षेत्रफल | रिब्दीकोट गाउँपालिकालाई उपलब्ध गराउने जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नर बहादुर लम्तरी मगर | रिब्दीकोट-३ | १३७ | ६-१५-०-३ | ०-१२-१-० | दक्षिण तर्फ |
| २ | मान बहादुर लम्तरी | रिब्दीकोट-३ | १४० | ४-५-२-२ | ०-७-२-० | दक्षिण तर्फ |
| ३ | माधव प्रसाद ढकाल | रिब्दीकोट-४ | ३५३ | ९-१५-३-० | ४-१३-०-० | उत्तर तर्फ |
| | कूल | | | | ६-०-३-० | |